# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)


## प्रेस-नोट

२८ वैशाख, २०८३

### सुकुम्बासीहरुको अवस्थासम्बन्धी अनुगमन प्रतिवेदन आयोगले नेपाल सरकारलाई पठायो

काठमाडौं उपत्यकाका विभिन्न नदी किनारमा सार्वजनिक जग्गाहरुमा बर्षौंदेखि बस्दै आएका सुकुम्बासी बस्तीका घर तथा टहराहरु सरकारले हटाएको सन्दर्भमा उक्त क्षेत्रका बासिन्दाहरुको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारलगायत अन्य मानव अधिकारको उपभोगमा परेको असर तथा निजहरुको मानव अधिकारको अवस्था सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले विभिन्न मितिमा अनुगमन गरेको छ। अनुगमनबाट प्राप्त तथ्य र सुझावहितको संक्षिप्त प्रतिवेदन आयोगले नेपाल सरकारलाई पठाएको छ।

प्रतिवेदनमा गर्भवती, सुत्केरी, बालबालिका, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्तिहरु तथा दीर्घरोगीहरुलाई आवश्यक पोषणयुक्त खानेकुरा तथा औषधी नियमित रुपमा उपलब्ध गराउन, लैङ्गिक संवेदनशील विषयहरुलाई सम्बोधन गर्न, होल्डिङ्ग सेन्टरमा राखिएका व्यक्तिहरुलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउन, बालबालिकालाई गुणस्तरीय शिक्षाको व्यवस्था गर्न, विस्थापितको रोजगारीको व्यवस्था गर्न, नदी किनार र सरकारी जग्गामा बसेका सुकुम्बासीहरुको यथार्थ लगत तयार गरी उनीहरुको दीर्घकालीन व्यवस्थापन गर्न, साँस्कृतिक महत्वका संरचनाहरुको स्थानान्तरण गर्न, वास्तविक सुकुम्बासीहरुको पहिचान गरी अबिलम्ब बसोबासको उचित व्यवस्थापन गर्नलगायतका सुझावहरु समावेश गरिएका छन्।

सरकारलाई पठाएको प्रतिवेदन विज्ञप्ति साथ संलग्न छ।

डा. टीकाराम पोखरेल
प्रवक्ता/सहसचिव


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org, अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५
https://www.youtube.com/@nationalhumanrightscommiss4301, https://www.facebook.com/NepalNHRC, https://twitter.com/NepalNHRC

## काठमाडौ उपत्यकाका नदी किनारका बस्ती एवंम सरकारी अतिक्रमित जग्गाहरुमा रहेका वस्तीहरुको घर तथा टहरा नेपाल सरकारले खाली गराए पश्चात तहाँ रहेका व्यक्तिहरुको मानव अधिकार अवस्था सम्बन्धमा गरिएको स्थलगत अनुगमन प्रतिवेदन।

### १. पृष्ठभूमिः

नेपालमा सुकुम्बासी समस्या विगत लामो समयदेखि विद्यमान रहेको छ। विभिन्न कालखण्डमा यो समस्या जटिल बन्ने गरेको र सरकारले सुकुम्बासी व्यवस्थापन गर्न अनेकन प्रयास गरे पनि राजनीतिक अस्थिरता, नीतिगत निरन्तरताको अभाव, कानुनी जटिलता, तथ्याङ्क र पहिचानमा समस्याका कारण यो यथावत रहने गरेको छ। प्राय नदी किनार, वन क्षेत्र वा सार्वजनिक जमिनमा अनौपचारिक रूपमा बसोबास गर्दै आएका सुकुम्बासीहरु सुरक्षित आवास, शिक्षा, स्वास्थ्य र रोजगारी जस्ता आधारभूत सेवाबाट वञ्चित भई मानव अधिकारसम्बन्धी चुनौती सामना गरिरहेका छन्। वागमती किनारा लगायतमा रहेका सुकुम्बासी समस्याको विषयमा राष्ट्रिय मानव अधिकार आयोगबाट पटक पटक अनुगमन गरिएको र २०६९ साल जेठ ०१ गते वास्तविक सुकुम्बासी पहिचान गरी निजहरुको बसोबासको वैकल्पिक व्यवस्था मिलाएर मात्र सुकुम्बासी व्यवस्थापन गर्न नेपाल सरकारलाई सिफारिस समेत गरेको थियो।

जिल्ला प्रशासन कार्यालय काठमाडौंले मिति २०८३।१।१० गते नदी किनाराका सार्वजनिक, सरकारी पर्ती जग्गाहरुमा वर्षौंदेखि अनधिकृत तवरबाट रहेका बस्तीहरुका घर तथा टहराहरु मिति २०८३/०१/११ गते साँझ ७;०० बजे भित्रमा खाली गर्नु, मिति २०८३/०१/१२ गते बिहान ६;०० बजेदेखि घर ठहराहरु भत्काउने र अतिक्रमित जग्गा पूर्ण रुपमा खाली गर्ने कार्य हुनेछ भन्ने व्यहोराको सूचना प्रकाशन गरेको देखिन्छ। उक्त स्थानमा रहेका बस्तीहरुका घर, टहरामा डोजर चलाइ भत्काएर खाली गराए पश्चात तहाँ बसोबास गरिरहेका व्यक्तिहरुलाई विभिन्न होल्डिंग सेन्टरमा राखिएको थियो ।

राष्ट्रिय मानव अधिकार आयोग, केन्द्रीय कार्यालयबाट २०८३/०१/१२,१३,१४,१७ र २१ गते खटिएका अनुगमन टोलीले थापाथली, सिनामंगल, गैरीगाँउ र मनोहरा क्षेत्र लगायतका नदी किनारामा सार्वजनिक, सरकारी पर्ती जग्गाहरुमा अनधिकृत तवरबाट रहेका बस्ती हटाउँदाको बखत स्थलगत अनुगमन, सुकुम्बासी भनिएका व्यक्तिहरुको तथ्याङ्क संकलनस्थल दशरथ रंगशालामा रहेका सुकुम्बासी भनिएकाको अवस्था अनुगमन, विस्थापित व्यक्तिहरुलाई आश्रयको लागि तोकिएका होल्डिङ सेन्टरहरु किर्तिपुर स्थित राधास्वामी सत्संग व्यास, भक्तपुरको खरिपाटि र बोडेको कृषि तालिम केन्द्र, सुकुम्बासी भनिएकाहरुलाई बसोबासको व्यवस्था गर्नका लागि नागार्जुन नगरपालिका वडा नं १ मा बनाईएको अपार्टमेन्ट लगायतको स्थलगत अनुगमन र विस्थापित व्यक्तिहरु तथा



Vh

सरोकारवाला निकायहरुबाट मानव अधिकार अवस्थाको बारेमा लिएको जानकारीका आधारमा यो प्रतिवेदन तयार पारिएको छ।

## २. अनुगमनको उद्देश्यः

- काठमाण्डौं उपत्यकामा रहेको नदी किनाराका सार्वजनिक, सरकारी पर्ती जग्गाहरुमा अनधिकृत तवरबाट रहेका बस्ती हटाउँदा उक्त क्षेत्रमा बसोबास गरेका सुकुम्बासी भनिएकाहरुको मानव अधिकार अवस्था, बालबालिकामा परेको मनोसामाजिक प्रभाव, बालबालिकाहरुको शिक्षा तथा स्वास्थ्यको अवस्था, नागरिकको सामाजिक तथा साँस्कृतिक अधिकारको उपभोग लगायतका मानव अधिकारका विषयमा परेको असर र प्रभावको विषयमा अनुगमन गर्नु,
- अनुगमन पश्चात् प्राप्त तथ्य र सुझावसहितको प्रतिवेदन आयोग समक्ष पेश गर्नु ।

## ३. अनुगमन पद्धतिः

- नदी किनारका सार्वजनिक, सरकारी पर्ती जग्गाहरुमा अनधिकृत तवरबाट रहेका बस्ती, तथ्याङ्क संकलन गरिएको स्थान र विस्थापितलाई आश्रय दिएको होल्डिङ सेन्टरहरुको स्थलगत अनुगमन गरिएको,
- विस्थापितहरुसँग प्रत्यक्ष भेटघाट गरी जानकारी लिएको,
- अधिकार सम्पन्न वागमती सभ्यता एकिकृत विकास समिति, काठमाण्डौं उपत्यका विकास प्राधिकरण, नागरिक समाज लगायत सरोकारवालाहरुसँग भेटी जानकारी लिएको,
- व्यवस्थापनमा खटिएका कर्मचारीहरु तथा निकायका व्यक्तिहरुसँग छलफल गरिएको ।

## ४. अनुगमन टोलीः

मिति २०८३/०१/१२,१३,१४,१७ र २१ गते गरी पाँच वटा अनुगमन टोलीले काठमाडौं उपत्यकाका विभिन्न स्थानहरुमा अनुगमन सम्पन्न गरेको थियो।

## ५. अनुगमनबाट प्राप्त तथ्यहरूः

**नदी किनाराका सार्वजनिक, सरकारी पर्ती जग्गाहरुमा अनधिकृत तवरबाट रहेका बस्ती हटाउँदाको अवस्थाः**

- २०८३/०१/१० र ११ गते अनधिकृत वस्ती खाली गराउन माइकिङ गरेर सुचित गरी सुरक्षाकर्मीको बाक्लो उपस्थितिबीच २०८३/०१/१२ गते बिहान ८ बजेबाट वागमती किनारामा रहेका घरटहरा भत्काउने कार्य थापाथलीबाट सुरु भइ क्रमशः सिनामंगल, गैरीगाँउ हुदैं मनोहराका घर तथा संरचनाहरु भत्काएको पाइयो।

- उक्त क्षेत्रमा रहेका घर, विद्यालय, धार्मिक स्थल लगायतका सम्पूर्ण संरचनाहरु भत्काइएको पाइयो।
- विस्थापित स्वयं र कतिपय ठाउँमा आवश्यकता अनुसार नेपाल प्रहरी र महानगर प्रहरीले सामान सार्दै गरेको पाइयो।
- उक्त क्षेत्रका बसोवासीहरुका सामान व्यवस्थापन अत्यन्त अव्यवस्थित पाइयो।
- सामान सार्न सरकारले ढुवानीको व्यवस्था गरेको भएपनि कतिपयलाई जानकारी नै नभएको र कँहा जाने के गर्ने भनी अन्यौलपूर्ण अवस्था रहेको पाइयो।
- बिहानदेखि नै डोजर चल्न थालेकोले त्यँहाका बसोबासीहरु भोक भोकै रहेको पाइयो।
- अधिकार सम्पन्न बागमती सभ्यता एकिकृत विकास समिति र उपत्यका विकास प्राधिकरणले सुकुम्बासी भनिएकाको विवरण संकलन त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा गरेको पाइयो।
- नदी किनाराका सार्वजनिक, सरकारी पर्ती जग्गाहरुमा अनधिकृत तवरबाट रहेका बस्तीबाट तथ्याङ्क संकलन गरी विभिन्न होल्डिङ सेन्टरहरुमा राखिएको पाइयो।
- नदी किनाराका सार्वजनिक, सरकारी पर्ती जग्गाहरुमा अनधिकृत तवरबाट रहेका बस्तीबाट विस्थापित भएकाहरु मध्ये केही डेरा खोजेर गएको र केही आफन्त/ साथिभाइसँग बसिरहेको भन्ने जानकारी पाइयो।

**तथ्यांक अवस्था**

- मिति २०८३।१।१७ गतेसम्मको अनुगमनबाट राधास्वामी सत्संग व्यासमा ५७ घर परिवार रहेको र मिति २०८३।१।२१ गते भक्तपुरको कृषि तालिम केन्द्र बोडेमा २६ जना र विधुत तालिम केन्द्र खरिपाटिमा ४७ परिवारका १५८ रहेको र तथ्यांकहरु दैनिक रुपमा अध्यावधिक भइरहेको पाइयो ।

**हाल राखिएको बासस्थानको अवस्थाः**

- अधिकार सम्पन्न बागमती सभ्यता एकिकृत विकास समितिका आयोजना निर्देशक मचाकाजी महर्जनले दिनुभएको जानकारी अनुसार मिति २०८३/०१/१२ गते रातीसम्म १८१ परिवारले नाम दर्ता गरेका छन्। नाम दर्ता गर्नेहरुलाई पहिलो चरणमा किर्तिपुरस्थित राधास्वामी सत्संग व्यास आश्रममा राखिएको छ। त्यहाँ नअटेकालाई नयाँ वसपार्क, माछापोखरी, गोंगबुका होटेल तथा लजहरुमा राखिएको बताउनु भयो।
- मिति २०८३/०१/१३ गते होल्डिङ सेन्टर तोकिएको किर्तिपुरस्थित राधास्वामी सत्संग व्यास आश्रम जस्तापाताले छाएको वरिपरि टेन्टले बेरेको खुला टहरामा राखिएकोले विशेषतः आश्रितहरुको गोपनियताको हक सुरक्षित नरहेको पाइयो।

- मिति २०८३/०१/१७ गतेको अनुगमनमा हरेक परिवारकोलागि टेन्ट उपलब्ध गराई राखिएको र सरकारबाट २०८३ वैशाख १६ गते ५० ओटा टेन्ट ५० परिवारलाई उपलब्ध गराएको साथै एक परिवारलाई एक झुल समेत उपलब्ध गराएको, उक्त टेन्टमा परिवारका सदस्यहरुले आफ्ना सामानहरु राखी बास बसेको, एक परिवारमा ९।१० जना देखि १२।१३ जना समेत सदस्य रहेको र एउटै टेन्टमा सबै सदस्य बस्दा कठिनाइ भएको पाइयो ।
- नियमित बर्षातको कारण उक्त टहरामा पानी पसेर सुत्न र बस्न समेत कठिनाइ भएको भन्ने जानकारी पाइयो ।
- सुकुम्बासीहरुलाई बसोबासको व्यवस्था गर्नका नागार्जुन नगरपालिका वडा नं १ मा रहेको अपार्टमेन्टमा ४५ परिवारलाई राख्न मिल्ने युनिट रहेको, अपार्टमेन्ट एउटा किचेन,लिभिङ रुम, एउटा वेड रुम र अट्याच ट्वाईलेट सहितको रहेको पाइयो।

**पोषणयुक्त खानाको अवस्थाः**

- मिति २०८३/०१/१२ र १३ गते प्रभावितहरू भोक-भोकै सामान व्यवस्थापनमा रहेको पाइयो।
- राधास्वामी व्यासमा राखिएका व्यक्तिहरुको लागि विहान वेलुकाको खाना र दिउँसोमा चिया, विस्कुट राधा स्वामीबाट उपलब्ध गराएको पाइयो।
- सुत्केरीको लागि थप पोषणयुक्त खानेकुरा उपलब्ध गराइने भनिएतापनि हाल सम्म उपलब्ध नगराएको, बालबालिकाहरुको लागि र जेष्ठ नागरिकको लागि समेत पोषणयुक्त खाना उपलब्ध नभएको जानकारी पाइयो ।
- साना बच्चाहरुको लागि ल्याक्टोजिन किनेर खुवाउने गरेको भन्ने जानकरी पाइयो । सरकारले दिने भने पनि हाल सम्म नपाएको भन्ने जानकरी पाइयो ।
- टेन्टमा बसेको कारण आफुसँग भएको ग्यास बाल्न नमिल्ने हुँदा बच्चाहरु सुत्केरी, गर्भवती, विरामी तथा जेष्ठनागरिकले समेत आफै किनी पकाएर पोषणयुक्त खाना खान समेत नसकेको पाइयो ।

**खानेपानी र शौचालयको अवस्थाः**

- अनुगमन गरिएका होल्डिङ सेटरमा खानेपानी र शौचालयको व्यवस्था रहेको पाइयो।

स्वास्थ्यको अवस्थाः

- होल्डिङ सेटरमा रहेका व्यक्तिहरुमा दीर्घरोगी र अन्य स्वास्थ्य समस्या रहेको र दैनिक अस्पत्ताल जानु पर्ने विरामीका लागि सवारीसाधनको व्यवस्था नभएको पाइयो।
- खरिपाटी तालिम केन्द्र भक्तपुरमा अधिकांश दीर्घरोगीहरुले घरटहरामा डोजर लगाउँदा आफ्नो औषधि सेवनको पूर्जा निकाल्न नपाएको र स्वास्थ्य परीक्षणमा र औषधि सेवनमा समस्या रहेको, आयोगको टोलीले अनुगमन गर्दा दीर्घरोगको औषधि खाईरहेका वृद्धवृद्धाहरुको १० जना जचाउन आउँदा ६ जनामा पूर्जा, औषधिको खोल कुनै नभएको पाइयो ।
- खरिपाटी तालिम केन्द्र भक्तपुरमा १ जना ६८ वर्षिय कुष्टरोगी रहेका र टहरा भत्काउँदा निजको औषधि पुरिएको र औषधि खान नपाएको पाइयो । आयोगको टोलीले जनस्वास्थ्य कार्यालय प्रमुख अन्जना खड्कासँग समन्वय गरी औषधिको व्यवस्था मिलाएको थियो ।
- होल्डिङ सेटरमा डाक्टरको टोलीले स्वास्थ्य सेवा उपलब्ध गराइरहेको पाइयो। राधा स्वामी सत्संगमा काठमाडौ महानगरबाट चिकित्सक डा. आदेश रायमाझी सहित ३ जना टोलीले विहान ९ बजेर ३० मिनेट देखि वेलुका ५ बजेसम्म स्वास्थ्य उपचारको सेवा दिइरहेको र आकस्मिक ओषधीहरु उपलब्ध गराएको पाइयो । खरिपाटी तालिम केन्द्रमा रहेका सबैको स्वास्थ्य परीक्षणका लागि जिल्ला जनस्वास्थय कार्यालय भक्तपुरको आयोजनामा जिल्ला अस्पताल भक्तपुरको सहयोग र ख्वप अस्पतालको सहयोगमा आँखा परीक्षण समेत स्वास्थ्य शिविर सञ्चालन गरेको पाइयो ।
- राधा स्वामी सत्संगमा त्रिभुवन विश्वविद्यालय मनोविज्ञान विभाग र स्नातककोत्तर तेस्रो सेमेस्टरमा अध्यनरत विद्यार्थीद्वारा बालबालिकाहरू तथा अन्यलाई मानोवैज्ञानिक प्राथमिक सेवा उपलब्ध गराएको पाइयो । खरिपाटी तालिम केन्द्रमा मनोसामाजिक परामर्शदाताले परामर्श दिईरहेको पाइयो ।

बालबालिकाको अवस्थाः

- राधा स्वामी सत्संगमा बालबालिकाको संख्या अन्दाजी २० देखि २५ जना रहेको र निजहरु टेन्टमा नै मोबाइल चलाएर तथा साथीहरुसँग बसिरहेको, कक्षा ९ र कक्षा १० मा अध्ययनरत वालबालिकाहरु समेत रहेको र निजहरुलाई पढिरहेको विद्यालय जान यातायातको सुविधा नहुँदा कठिनाइ भइरहेको पाइयो ।

- बालबालिकाहरु मानसिक रुपमा त्रसित रहेको र विद्यालयको सुनिश्चतता नभएको कारण अन्यौलमा रहेको साथै अभिभावकहरु समेत बालबालिकाहरुको पठन पाठनको विषयलाई लिएर चिन्तित रहेको पाइयो ।
- खरिपाटी तालिम केन्द्रमा २२ जना बालबालिका रहेको, जस मध्ये २ जना बालक पूर्ण रुपमा अशक्त रहेको, १ जना बालकको घाँटीमा पाइप राखिरहेको जुन बालकलाई अस्पत्तालमा नै राखि उपचार गर्नु पर्ने अवस्था रहेको पाइयो ।
- खरिपाटी तालिम केन्द्रमा रहेका एक जना बालिका कक्षा ११ को वोर्ड परीक्षा दिने तयारीमा रहेको र निजले परीक्षा अगाडि नै प्रमाणीकरण गरी बसोबासको व्यवस्था मिलाउन अनुगमन टोलीलाई आग्रह गर्नु भएको थियो ।

**रोजगारी तथा जिविकोपार्जनको अवस्थाः**

- महिलाहरुले घरायसी तथा दैनिक ज्यालमा पार्ट टाइम काम गरिरहेको भन्ने जानकारी पाइयो ।
- पुरुषहरु कतिपयले पठाओ तथा इन ड्राइभ गरिरहेको र कसैले ज्याला मजदुरी लगायतका काम गरि रहेको भन्ने जानकारी पाइयो ।
- हाल विभिन्न होल्डिङ सेन्टरमा रहेकालाई दैनिक रुपमा गरिरहेको काममा जान लामो दुरीका कारण यातायात, खानाको समय तालिका तालमेल नमिलेको कारण कठिनाई र असहज भइ रोजगारीमा प्रत्यक्ष असर पर्न गएको पाइयो।

**लैंगिक विषयः**

- होल्डिङ सेन्टरमा बालिका तथा महिलाहरु महिनावारी हुँदा सेनिटरी प्याडको अभाव रहेको र कतिपयले आफै किनेर लगाउने गरेको भन्ने जानकारी पाइयो ।
- घरटहराबाट आफ्नो लत्ता कपडा निकाल्न नपाएको हुँदा लाउनको लागि १ जोर भन्दा लुगा नभएको जानकारी पाइयो ।
- सुत्केरी र गर्भवतीहरु पनि होल्डिङ सेन्टरमा राखिएको र सुत्केरीको लागि न्यानो कपडा र सानो बच्चाको जगेडा कपडा समेत नभएको पाइयो ।

**अन्य विषयहरुः**

- घर भत्काएको स्थानमा आफुले पालेका चौपायाहरु र सामानहरु अलपत्र छाडेर हिंड्न नसकी घरको परिवारका सदस्यहरु अझै उक्त स्थानमा नै कुरेर बसेको र कतिपयको सामानहरु नै पुरिएकोले निकाल्न नसकिएको भन्ने जानकारी पाइयो ।
- सरकारले पर्याप्त रुपमा समय र सूचना नदिँदा हतार हतारमा सामान सार्न र घरबाट निकाल्न समेत कठिनाइ भएको भन्ने गुनासो पाइयो ।
- परिवारको बसोबास, बालबालिकाको शिक्षा साथै परिवारको रोजगारीको विषयमा अधिकांश व्यक्तिहरु मानसिक रुपमा अन्योलमा रही सरकारले कसरी कहाँ व्यवस्थापन गर्छ भन्ने चिन्तामा रहेकोले सरकारले तथ्यांक संकलन यथासक्दो चाँडो गरी बसोबास र बालबालिकाको शिक्षाको यथासिघ्र पहल गर्न आग्रह गरेका थिए।
- सुकुम्बासी बस्ती भनिएको स्थान र होल्डिङ सेन्टरमा रहेका व्यक्तिहरुमा मनोवैज्ञानिक त्रास, भविष्यको अन्यौलता रहेको पाइयो।
- सुकुम्बासी भनिएका व्यक्तिहरुले उनीहरुको मान मर्यादा र मानव अधिकारको सरकारले संरक्षण नगरेको गुनासो रहेको पाइयो।
- बल्खु र मनोहरा नदि किनारमा बसेका सुकुम्बासी भनिएका २ जना व्यक्तिहरुले बस्तीमा डोजर प्रयोग गरी बसिरहेको घर तथा टहरा भत्काउने त्रासको कारण आत्महत्या गरेको भन्ने विषयमा घटनाको निष्पक्ष छानविन गरी पीडित परिवारलाई न्याय र क्षतिपूर्ति दिलाउने साथै दोषीलाई कारवाही गर्नको लागि पहल गरिदिन भनी यस आयोगमा निवेदन समेत प्राप्त भइ सो सम्बन्धमा अनुसन्धान जारी रहेको छ ।

## ६. विश्लेषण तथा निष्कर्षः

नेपाल सरकारले काठमाण्डौं उपत्यकाका नदी किनार तथा अन्य सार्वजनिक एवम् सरकारी जग्गामा रहेका वस्ती र अव्यवस्थित बसोबासलाई हटाएर उचित व्यवस्थापन गर्ने भनी निर्णय गरी २ दिनको समयमा सामान सार्ने निर्देशन दिएको थियो। पहिलो चरणमा थापाथली, सिनामंगल, गैरीगाँउ र मनोहराका वस्ती हटाउने भनिए बमोजिम मिति २०८३/०१/१२ गते बिहान थापाथलीबाट वस्ती हटाउने कार्य सुरु भएर क्रमशः सिनामंगल, गैरीगाँउ हुदैं मनोहराका घर तथा संरचनाहरु भत्काएको देखिन्छ। वस्ती हटाउने कार्यमा ठूलो सङ्ख्यामा नेपाल प्रहरी, सशस्त्र प्रहरी र काठमाण्डौं महानगरका प्रहरीलाई परिचालन गरिएको र भारी उपकरणको प्रयोग गरी संरचनाहरू भत्काइएको देखिन्छ। एकातिर बाक्लो सुरक्षा बल सहित सरकार धमाधम घर टहरा भत्काउदैं थियो भने अर्को तर्फ त्यँहाका बासिन्दाहरु आफ्नो सर-सामान जोगाउन व्यस्त देखिन्थे। कतै कतै नेपाल प्रहरी र महानगर प्रहरीले सामान सार्न सहायता

गरेको पनि देखियो। घरभित्रबाट त्यतै बाहिर रहेको खाली ठाँउमा सामानहरु थुपारेकोले सामान व्यवस्थापन निकै अव्यवस्थित देखिएको थियो। बिहानदेखि नै थापाथलीमा डोजर चल्न थालेकोले त्यँहाका बसोबासीहरु भोक भोकै रहेको पाइयो। नदी किनाराका सार्वजनिक, सरकारी पर्ती जग्गाहरुमा अनधिकृत तवरबाट रहेका बस्तीबाट विस्थापित भएकाहरु मध्ये केही डेरा खोजेर गएको, केही आफन्त/ साथिभाइसँग बसिरहेको र केही होल्डिङ सेन्टरमा गएको भन्ने पाइयो।

विस्थापितहरुलाई सरकारले होल्डिङ सेन्टरमा राख्ने हुनाले दशरथ रंगशालामा गएर नाम दर्ता गर्न भनेको भएपनि अधिकांशलाई यो सूचना थाहा नभएको पाइयो। जसले गर्दा मिति २०८३/०१/१२ गते आयोगबाट १२ बजेतिर रंगशालामा बुझ्दा जम्मा ९ परिवार मात्र सम्पर्कमा आएको पाइयो। धेरै प्रभावित व्यक्तिहरू दीर्घकालीन पुनःस्थापना तथा आधारभूत सेवाहरूको पहुँचबारे अन्योल देखिन्थे। विशेषगरी गर्भवती तथा सुत्केरी महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दिर्घरोगीहरु यसबाट बढी प्रभावित भएको पाइयो। सरकारले नाम दर्तापछि सामानको ढुवानी सेवा सहित होल्डिङ सेन्टर तोकिएको किर्तिपुरस्थित राधास्वामी सत्संग व्यास आश्रममा निजहरुलाई पठाएको थियो। आयोगको टोली उक्त होल्डिङ सेन्टर पुग्दा सामान भरिएका ३ वटा गाडी गेट बाहिर रहेको देखियो। भित्र राखिने भनेको स्थानमा गएर हेर्दा सरसफाई गर्दै गरेको पाइयो। यो अवस्थालाई मध्येनजर गर्दा सरकारले बिना कुनै तयारी नै सुकुम्वासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने भन्दै अस्थायी बसोबासको व्यवस्था राम्ररी नगरी संरचना भतकाउन लागेको देखियो। यद्यपी मिति २०८३/०१/१३ गते बिहान ११ बजे आयोगको टोली पुनः उक्त स्थानमा अनुगमनको लागि जाँदा ४९ परिवारका १३४ जना बसिरहेको भन्ने जानकारी प्राप्त भयो। उक्त अस्थायी आश्रममा जस्तापाताले छाएको वरिपरि टेन्टले बेरेको खुला टहरामा राखेको पाइयो । जसले गर्दा आश्रीतहरुको गोपनियताको अधिकार हनन भएको देखिन्छ। त्यँहा बसिरहेकाहरुले बेलुका खाना खाएदेखि ११ बजिसक्यो केही खान दिएको छैन भनि गुनासो गरिरहेको पाइयो।

होल्डिङ सेन्टरमा बसेका मध्ये केही अनधिकृत बस्तीमा भाडामा बस्ने गरेको भन्ने पाइयो भने केही अब आफ्नै गाउँ ठाँउ फर्किन्छौ भनी त्यँहाबाट निस्केको पनि देखियो। होल्डिङ सेन्टरमा विद्यालय जाने उमेरका बालबालिकाहरु पनि छन्। नँया शैक्षिक सत्र सुरु हुन लागेको छ। बालबालिकाको पढाई के हुने हो भनेर अभिभावकहरु चिन्तित रहेको पाइयो। मिति २०८३/०१/१४ गतेबाट कक्षा १२ को परीक्षा समेत सञ्चालन हुन लागेको र होल्डिङ सेन्टरमा रहेका केही बालबालिका परीक्षामा समेल हुदैं छन्। यस्तो अन्योलपूर्ण र कष्टकर

अवस्थामा ती विद्यार्थीहरु कसरी परिक्षामा सामेल होलान् यसको जबाफदेहिता राज्यले बहन गर्नुपर्छ। बालबालिकाको भविष्यप्रति गम्भीर हुँदै सरकारले सुकुम्बासी भनिएकाको बसोबासको व्यवस्था कहाँ गर्ने भनी छिटो निक्यौंल गर्नुपर्ने देखिन्छ। अकस्मात यसरी वस्ती हटाउने कार्यले नागरिकको खाद्य, आवास, स्वास्थ्य, शिक्षा, रोजगारी लगायतका मानव अधिकारहरु सङ्कुचित गरेको देखिन्छ।

विभिन्न होल्डिंग सेन्टर मध्य किर्तिपुर स्थित राधास्वामी सत्संग व्यासमा राखिएका व्यक्तिहरुको मानव अधिकार अवस्था सम्बन्धमा जानकारी लिनको आयोगको अनुगमन टोलीले अनुगमन गर्दा मिति २०८३।१।१७ गते राधास्वामी सत्संग व्यासमा अनुगमनको क्रममा ५७ घर परिवार रहेको जानकारी सुरक्षा निकायका कर्मचारीबाट पाइयो । त्यसै गरि सुत्केरी ४ जना र गर्भवती २ जना रहेको । सरकारको तर्फबाट ५० घर परिवारलाई टेन्ट उपलब्ध गराएको जानकारी पाइयो । बसोबासको स्थानमा रहेका सामान र चौपाया सार्न र निकाल्न कठिनाइ भएको गुनासो रहेको पाइयो। होल्डिंग सेन्टरमा खान, बस्न, पानी र शौचालयको सुविधा रहेतापनि पोषणयुक्त खानाको अभाव रहेको, बालबालिकाको शिक्षा प्रभावित भएको र बालबालिकाहरु लगायत अभिभावक समेत चिन्तित र अन्योलमा रहेको देखिन्छ। कक्षा ९ र १० मा अध्ययनरत बालबालिकाहरुलाई पढिरहेको विद्यालय जान यातायातको सुविधा नहुँदा कठिनाइ भइरहेको जानकारी पाइयो । दैनिक रुपमा गर्दै आएको काममा नियमितता दिन समेत कठिनाइ भएको । सरकारले रोजगारीको सुनिश्चितता गरिदिनुपर्ने भन्ने गुनासो पाइयो । सरकारले तथ्यांक संकलन यथासक्दो चाँडो गरी निजहरूको बसोबास र बालबालिकाको शिक्षाको व्यवस्था गरिदिनुपर्ने भन्ने गुनासो रहेको । सुत्केरीको लागि न्यानो कपडा र सानो बच्चाको जगेडा कपडा समेत नभएको गुनासो रहेको पाइयो ।दमको विरामी, आँखाका विरामी, जेष्ठ नागरिकहरु ढाड दुख्ने तथा विभिन्न स्वास्थ्य समस्या भएका विरामीहरु रहेको पाइयो र डाक्टरको टोली स्वास्थ्य जाँचको लागि आउने गरेको भन्ने जानकारी पाइयो ।काठमाडौ महानगरबाट डा. आदेश रायमाझी सहित ३ जना टोलीले विहान ९ बजेर ३० मिनेट देखि वेलुका ५ बजेसम्म स्वास्थ्य उपचारको सेवा दिइरहेको र आकस्मिक ओषधीहरु उपलब्ध गराएको पाइयो । त्रिभुवन विश्वविद्यालय मनोविज्ञान विभाग र स्नातककोत्तर तेस्रो सेमेस्टरमा अध्यनरत विद्यार्थीद्वारा बाल बालिकाहरू तथा अन्यलाई मानोवैज्ञानिक प्राथमिक सेवा समेत उपलब्ध गराएको पाइयो । अधिकांश व्यक्तिहरू परिवारको बसोबास, बालबालिकाको शिक्षा साथै रोजगारीको विषयमा मानसिक रुपमा अन्योलमा रहेको र सरकारले कसरी कहाँ

व्यवस्थापन गर्छ भन्ने चिन्तामा रहेको हुँदा निजहरुको मानव अधिकार सुनिश्चत हुने गरी उचित बसोबासको व्यवस्था सरकारले यथाशक्य चाँडो गर्नुपर्ने देखिन्छ ।

*नेपालको संविधान*को धारा १६ मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक, धारा ३७ मा प्रत्येक नागरिकलाई उचित आवासको अधिकार, धारा ४० मा भूमिहीन दलितलाई राज्यले एक पटकका लागि जमिन उपलब्ध गराउने व्यवस्थालाई मौलिक हकहरुको रुपमा सुनिश्चित गरेको छ। *भूमीसम्बन्धी ऐन २०२१* को दफा ५२ मा भूमिहीन दलित, भुमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको सम्बन्धमा जमिन उपलब्ध गराउने र बसोबासलाई वैधानिक बनाउने व्यवस्था उल्लेख गरेको छ।

*आवासको अधिकार सम्बन्धी ऐन, २०७५* मा प्रत्येक नागरिकलाई उपयुक्त र सुरक्षित आवास उपलब्ध गराउने प्रावधान रहेको छ। यस ऐनको दफा २(क) मा आवासीय प्रयोजनको लागि निर्माण गरिएको भवन, घर, सोको अंश वा यस्तै स्थायी वा अस्थायी आंशिक वा पूर्ण संरचनालाई आवास भनी परिभाषित गरेको छ। दफा ५(१) मा सार्वजनिक प्रयोजनका लागि प्रचलित कानुन बमोजिम कुनै नागरिकलाई निजको आवासबाट हटाउन सकिनेछ भन्ने व्यवस्था रहेको छ। दफा ५(४) अनुसार नागरिकलाई निजको आवासबाट हटाउँदा नागरिकसँग परामर्श गरिएको, पर्याप्त र कारण सहितको सूचना सम्प्रेषण गरिएको, हटाइने व्यक्ति वा परिवारको उपयुक्त पहिचान भएको, हटाउने समय र स्थानमा अधिकार प्राप्त अधिकारी वा निजको प्रतिनिधि उपस्थित भएको हुनुपर्ने र रातीको समय वा त्यस्तै अनुपयुक्त समय नभएको हुनुपर्ने प्रावधान रहेको छ। त्यस्तै दफा ५(५) मा आवासबाट हटाउने क्रममा जेष्ठ नागरिक, बिरामी, अपाङ्गता भएका व्यक्ति, बालबालिका, असहाय, गर्भवती महिलाको संरक्षणमा उचित ध्यान दिनुपर्ने व्यवस्था रहेको छ।

*मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८* को धारा २५(१) मा हरेक व्यक्तिलाई खाना, कपडा, आवास, स्वास्थ्य सेवा लगायत आवश्यक सेवासहितको उचित जीवनस्तर प्राप्त गर्ने अधिकार हुने र कठिन अवस्थामा सामाजिक सुरक्षाको हक हुन्छ भनी उल्लेख भएको छ। *आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६* को धारा ११ मा हरेक व्यक्तिलाई खाना, कपडा र आवाससहित उचित जीवनस्तरको अधिकार हुन्छ र राज्यले भोकमरी अन्त्य तथा जीवनस्तर सुधार गर्न आवश्यक उपाय गर्नुपर्छ भनी उल्लेख गरिएको छ। *बाल अधिकारसम्बन्धी महासन्धी १९८९* को धारा २७ मा हरेक बालबालिकालाई उचित जीवनस्तर, पोषणयुक्त खाना, लुगा र आवासको अधिकार परिपुर्ति गर्न



५८

प्राथमिक जिम्मेवारी अभिभावकको हुन्छ तर राज्यले आवश्यक सहयोग र संरक्षण गर्नुपर्ने भनी उल्लेख गरिएको छ। नेपाल सरकारलेले अनुमोदन गरेका अन्तर्राष्ट्रिय कानुनहरुमा उल्लेख भएका व्यवस्थाहरुलाई अबलम्बन गर्न प्रतिबद्ध रहन्छ।

*Committee on Economic, Social and Cultural Rights, general comment No. 7 (1997) on the right to adequate housing: forced evictions*, मा उल्लेख भए अनुसार जबरजस्ती निष्कासन (Forced Eviction) भन्नाले व्यक्ति, परिवार वा समुदायहरूलाई निजहरूले बसोबास गरिरहेको घर वा जमिनबाट निजहरूको इच्छाविपरीत, उपयुक्त कानुनी वा अन्य सुरक्षा बिना, स्थायी वा अस्थायी रूपमा हटाउने कार्यलाई जनाउँछ। सार्वजनिक प्रयोजनका लागि निष्कासन उचित ठहरिए पनि उचित कानुनी प्रक्रिया (due process), परामर्श (consultation), पूर्व सूचना (notice) र क्षतिपूर्ति (compensation) सम्बन्धी मापदण्डहरू पालना गर्दै, अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी कानुन अनुरूप हुनुपर्छ भनी व्याख्या गरिएको छ। मानव अधिकारका अन्तर्राष्ट्रिय कानुन अनुसार जबरजस्ती निष्कासन पूर्ण रूपमा निषेधित विषय नभई उचित कानुनी प्रक्रिया र सिद्धान्तहरुको कडाइका साथ नियमन गरी अबलम्बन गर्नुपर्ने विषय हो। नेपालको सन्दर्भमा *नेपालको संविधानको* धारा ३७ को आवासको हक र *आवासको अधिकार सम्बन्धी ऐन, २०७५* को दफा ५ (४) मा नागरिकलाई निजहरुको आवासबाट हटाउँदा पूरा गर्नु पर्ने प्रक्रिया सम्बन्धी प्रावधान अबलम्बन नगरी गरिएको निष्कासन, अवैध र जबरजस्ती भएको देखिन्छ।

संयुक्त राष्ट्रसंघद्वारा जारी *BASIC PRINCIPLES AND GUIDELINES ON DEVELOPMENT BASED EVICTIONS AND DISPLACEMENT, 2007 को बुँदा नं २१* ले जग्गा जमीनमा स्वामित्व भएका वा नभएका नागरिकलाई बसोबास गरिरहेको स्थानबाट हटाउँदा Any eviction must be (a) authorized by law; (b) carried out in accordance with international human rights law; (c) undertaken solely for the purpose of promoting the general welfare (d) reasonable and proportional; (e) regulated so as to ensure full and fair compensation and rehabilitation; and (f) carried out in accordance with the present guidelines. भनी उल्लेख गरेपनि त्यसतर्फ कुनै ध्यान नदिएको देखिन्छ।

नदी किनाराका सार्वजनिक, सरकारी पर्ती जग्गाहरुमा अनधिकृत तवरबाट रहेका बस्ती र अव्यवस्थित बसोबास वर्षौंदेखिको समस्या हो। यसको समाधान गर्न पटक पटक प्रयास गरेपनि हुन सकेको छैन। भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउन तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि *भूमिसम्बन्धी ऐन, २०२१* को दफा ५२ (ख) को उपदफा (६) बमोजिम नेपाल सरकारबाट भूमिसम्बन्धी समस्या समाधान आयोग गठन भएपनि यथोचित कार्य गर्न सकेको देखिदैंन। कतिपय राजनितिक दलका कार्यकर्ताले उक्त

स्थानमा सुकुम्बासीको रुपमा वसोवास गरिरहँदा वास्तविक सुकुम्बासीहरु सदैव मर्कामा परेका हुन्। सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई व्यवस्थित बसोबासको प्रबन्ध मिलाउनु सरकारको दायित्व र अपरिहार्य आवश्यकता पनि हो।

आयोगबाट मिति २०६९/०२/०१ गते सुकुम्बासीसम्बन्धी भएको निर्णयमा घर टहरा भत्काउँदा उक्त स्थानबाट विस्थपित भएका सुकुम्बासीहरुको हुन गएको क्षतिको उचित मूल्यांकन गरी क्षतिपूर्ति दिन र अन्य ठाउँको अतिक्रमित सरकारी जग्गा खाली गराउँदा बसोबासको वैकल्पिक व्यवस्था मिलाएर मात्र खाली गराउने तर्फ कारवाही गर्नुका साथै सोको जानकारी आयोगलाई समेत दिनु भनी निर्णय कार्यान्वयनको लागी सिफारिस गरिएको सम्बन्धमा मिति २०६९/०३/०८ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरिएको थियो। सो सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मिति २०६९/०४/०५ गते आयोगबाट भएको निर्णयको पूर्ण पाठको छाँयाप्रतिको माग गर्दै पत्राचार गरे पश्चात् मिति २०७०/११/२६ गते आयोगबाट निर्णयको पूर्ण पाठ पठाइएको पत्र सहित प्रमाणित पूर्ण पाठ प्रति पाना १० पनि पठाएको देखिन्छ। सो पश्चात आयोगले मिति २०७७/१०/१५ र मिति २०८३/०१/११ मा आयोगको सिफारिश कार्यान्वयन सम्बन्धमा ताकेता गरेपनि हालसम्म कुनै जबाफ नआएको देखिन्छ। सुकुम्बासी समस्याको विषयमा सर्वोच्च अदालतबाट भएको आदेश तथा आयोगबाट वास्तविक सुकुम्बासीको पहिचान गरी निजहरुको बसोबासको वैकल्पिक व्यवस्था मिलाएर मात्र सुकुम्बासी व्यवस्थापन गर्ने लगायतका सिफारिस कार्यान्वयन गर्न सरकार जिम्मेवार रहन्छ तथापी यी आदेश र सिफारिसलाई नजर अन्दाज गरी वस्ती हटाउने कार्य गर्न सरकार अग्रसर हुनु कानुन विपरित भइ न्यायोचित समेत देखिदैंन भने मानव अधिकार आयोगबाट भएको सिफारिश कार्यान्वयन हुन सकेको पाइएन ।

कानुन विपरित सरकारी जग्गा अतिक्रमण गरी बसोबास गरिरहेका वस्ती हटाउने विषयमा विवाद नरहेतापनि सरकारले वास्तविक सुकुम्बासीहरुका लागि हटाउनुपूर्व वैकल्पिक व्यवस्था गर्न सकेको देखिएन। सार्वजनिक प्रयोजनको लागि नागरिकलाई निजको आवासबाट हटाउने सक्ने भएपनि *आवासको अधिकार सम्बन्धी ऐन, २०७५* को दफा ५ (४) बमोजिमका अवस्थाहरु पूरा गरेको हुनु पर्दछ। नेपाल सरकारले जुन तबरबाट अपर्झट २ दिन अगाडी जिल्ला प्रशासन कार्यालयबाट सुचना जारी गरी बिहानको समयमै घर टहरा भत्काउने कार्यको थालनी गर्यो सो कार्य कानुनको उचित प्रकृया (Due Process of Law) विपरित रहेको देखिन्छ। घर टहरा भत्काउनु अगावै नागरिकसँग परामर्श नगरिएको, पर्याप्त र कारण सहितको सूचना

सम्प्रेषण नगरिएको, हटाइने व्यक्ति वा परिवारको उपयुक्त पहिचान नभएको र निरन्तर वर्षा भइरहेको अनुपयुक्त समयमा समेत आवासबाट हटाइएको देखिन्छ। पूर्वतयारी विना अपर्झट, विना पर्याप्त सूचना नै बलपूर्वक विस्थापन गरेको अवस्था देखिन्छ। सुकुम्बासी र अव्यवस्थित बसोबासी नागरिकको वैकल्पिक आवासको सुनिश्चितता नगरी वस्ती भत्काइनु मानव अधिकारको उल्लङ्घनको विषयभित्र पर्दछ। सरकारले कानुनी व्यवस्था, कानुनको उचित प्रक्रिया र मानव संवेदनाका न्यूनतम पक्ष समेत विचार नगरी नागरिकलाई आश्रय विहीन बनाउने कार्यबाट मानव अधिकारको हनन भएको देखिन्छ। सरकारको स्वेच्छाचारी कार्य शैलीले विस्थापित भएका व्यक्तिहरुको मानव अधिकार हनन भएको छ। यस विषयमा सरकार नै जबाफदेही र जिम्मेवार हुनुपर्छ। विस्थापित सुकुम्बासीहरुलाई अति सिघ्र बसोबासको व्यवस्थापन मिलाइनु पर्ने र भत्काइएका संरचनाबाट निस्किएका कङ्क्रिटको सरसफाइमा समेत सरकारको ध्यान पुग्नुपर्ने देखिन्छ।

## ७. सुझावहरुः

सुकुम्बासी भनिएका व्यक्तिहरुको मानव अधिकारको संरक्षणका लागि नेपाल सरकारलाई निम्न बमोजिमका सुझाबहरु रहेका छन् ।

- **“सुकुम्बासीहरुको पहिचान गरी निजहरुको बसोबासको वैकल्पिक व्यवस्था मिलाएर मात्र निजहरु बसोबास गरेको सरकारी स्वामित्वमा रहेको जग्गा खाली गराउनु पर्ने तथा घर टहरा भत्काउँदा उनीहरुलाई हुन गएको क्षतीको मूल्याङ्कन गरी क्षतीपूर्ति दिन र आइन्दा अन्य ठाउँको अतिक्रमित सरकारी जग्गा खाली गराउँदा उल्लेखित मापदण्ड अपनाएर मात्र अतिक्रमित जग्गा खाली गराउनु”** भनी राष्ट्रिय मानव अधिकार आयोगबाट मिति २०६९ साल जेठ १ गते सुकुम्बासीहरुको विषयमा भएको सिफारिस कार्यान्वयन गर्न ।
- होल्डिङ सेन्टरमा रहेका व्यक्तिहरुलाई मनोपरामर्श सेवा उपलब्ध गराउन ।
- बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दिर्घरोगी, गर्भवती तथा सुत्केरी महिलाहरुलाई विशेष प्राथमिकताका साथ सुरक्षित स्थानमा राख्न, पोषणयुक्त खाना नियमित उपलब्ध गराउन, लैङ्गिक संवेदनशिल विषयहरुलाई सम्बोधन गर्न ।
- किर्तिपुरको होल्डिङ सेन्टरमा महिला तथा बालबालिकाहरुको गोपनियता सम्बन्धमा असहज देखिएकोले संवेदनशील हुन ।
- बालबालिकाहरुको गुणस्तरीय शिक्षा साथै पठन पाठनको व्यवस्था गर्न ।
- निजहरुको रोजगरीको सुनिश्चितता साथै गरिरहेको काममा निरन्तरता दिनको लागि आवश्यक व्यवस्थापन गर्न ।

५५

- नदी किनारा र सरकारी जग्गामा बसेका सुकुम्बासी भनिएकाहरुको यथार्थ लगत तयार पारी उनीहरुको व्यवस्थापनको पूर्ण तयारी भए पश्चात् मात्र अन्य स्थानमा रहेका व्यक्तिहरुलाई हटाउने कार्य गर्ने ।
- साँस्कृतिक महत्वका संरचनाहरुको स्थानान्तरण वा अन्य व्यवस्थापनपछि मात्र अन्य कार्य गर्ने ।
- होल्डिङ सेन्टरमा राखिएका सुकुम्बासी भनिएका व्यक्तिहरुको पहिचान गरी अबिलम्ब बसोबासको उचित व्यवस्थापन गर्ने ।